# स्थानीय तह वित्तिय सुशासन जोखिम मूल्यांकन अभिमुखीकरण कार्यक्रमको प्रतिवेदन २०८०


**प्रतिवेदक**

राजेश आचार्य

खरिदार

सूचना अधिकारी

जिल्ला समन्वय समितिको कार्यालय, मन्थली, रामेछाप

मोबाइल नम्बरः- ९८६३०२३००२

इमेल ठेगानाः- ddcramechhap@gmail.com

## १.  अभिमुखीकरण कार्यक्रमको परिचय/पृष्ठभुमि

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको माननीय मन्त्रीस्तरको निर्णयानुसार मिति २०७७।१२।३१ मा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८० को प्रयोजनका लागि गाउँपालिका तथा नगरपालिकाहरूको वित्तीय सुशासन जोखिम मूल्याङ्कन गरी वित्तीय सुशासन अभिबृद्दी गर्न १.स्थानीय तहको वित्तीय प्रणाली ब्यवस्थित, पारदर्शी, विधिसम्मत र प्रभावकारी बनाउन र २. स्थानीय वित्त ब्यवस्थापनका सम्भावित जोखिमका क्षेत्रहरूको पहिचान गरी यसको लेखाजोखाको माध्यमबाट स्थानीय तहको वित्तीय सुशासनलाइ संस्थागत गर्न “ स्थानीय तह वित्तिय सुशासन जोखिम मूल्याँकन कार्यविधि,२०७७” जारी गरी कार्यान्वयनमा ल्याएको छ । सो कार्यविधिमा मन्त्रालयले जिल्ला समन्वय समितिमार्फत मन्त्रालयको सहयोगमा स्थानीय तहका पदाधिकारी तथा कर्मचारीलाइ वित्तीय सुशासन लेखाजोखाको बारेमा अनुशिक्षण गर्ने समेतका जिम्मेवारि तोकेको हुँदा प्रदेश सुशासन केन्द्रको आर्थिक सहयोगमा जिल्ला समन्वय समितिको कार्यालय रामेछापले रामेछापका आठ वटै स्थानीय तहका नगर प्रमुख उपप्रमुख गाउँपालिका अध्यक्ष र उपाध्यक्ष तथा प्रमुख प्रशासकीय अधिकृतहरु र जिल्ला समन्वय समितिका सदस्यहरु सबैलाई एक दिने अनुशिक्षण कार्यक्रम गरी सो कार्यविधिको कार्यान्वयनको महत्व औचित्य र अवस्था र आगामी उपदायेता समेतका विषयमा जानकारी गराउन यो अभिमुखीकरण कार्यक्रम आयोजना गरियो ।

सङ्घिय मामिला तथा समान्य प्रशासन मन्त्रालयको स्थानीय तह वित्तिय सुशासन जोखिम मूल्याङ्कन कार्यविधि २०७७ को परिच्छेद-3(४) अन्तर्गतको मूल्याङ्कन प्रक्रिया तथा अङ्कभार बमोजिम स्थानीय तहहरुको वित्तीय सुशासन जोखिम मूल्याङ्कन कार्य जिल्ला समन्वय समिति मार्फत हुने व्यवस्था छ ।  सो कार्य गर्नको लागि उक्त कार्यविधिको परिच्छेद-३(६) मा जिल्ला समन्वय समितिको भूमिका निम्नानुसार उल्लेख गरिएको छ :

१. मन्त्रालयको सहयोगमा स्थानीय तहका पदाधिकारी तथा कर्मचारीलाई वित्तीय सुशासन लेखाजोखाको बारेमा अनुशिक्षण गर्ने ।
२. कार्यविधि बमोजिम मन्त्रालयले तोके अनुसार स्थानीय तहहरुको मूल्याङ्कन गर्ने ।
३. मूल्याङ्कनको प्रारम्भिक प्रतिवेदन पृष्ठपोषणको लागि सम्बन्धित स्थानीय तहमा पठाउने ।
४. मूल्याङ्कनको अन्तिम नतिजा प्रदेश सरकारको आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउने ।
५. उपदफा (१) बमोजिमको प्रक्रियाबाट गरिने मूल्याङ्कनको नतिजा मन्त्रालयबाट उपलब्ध गराइने सूचना प्रविधिमा आधारित ढाँचा (सफ्टवेयर) मा प्रविष्टि गर्ने ।

   उक्त कार्यविधिको अनुसुची-३ अन्तर्गत रहेको मूल्याङ्कन कार्ययोजना अन्तर्गत जिल्ला समन्वय समितिको जिम्मेवारी निम्नानुसार तोकिएको छ:

- कार्यविधि तथा यसको मूल्याङ्कन सुचकको सफ्टवेयर सम्बन्धमा सम्बन्धित स्थानीय तहका प्रमुख/अध्यक्ष, उपप्रमुख/ उपाध्यक्ष र प्रशासकीय अधिकृतलाई अभिमुखिकरण गर्ने।
- स्थानीय तहहरुलाई मूल्याङ्कन गर्ने समय खुलाई जानकारी पठाउने।
- सहभागितात्मक छलफल र विश्लेषणको आधारमा मूल्याङ्कनको प्रणालीमा आधारित भई प्रारम्भिक नतिजा तयार गर्ने।
- तयार भएको प्रारम्भिक नतिजा स्थानीय तहलाई पृष्ठपोषणका लागि उपलब्ध गराउने ।
- मूल्याङ्कनको अन्तिम नतिजा तयार गर्ने र मूल्याङ्कनको अन्तिम नतिजा स्थानीय तह,प्रदेश सरकार र मन्त्रालयलाई उपलब्ध गराउने।

## २. अभिमुखीकरण कार्यक्रमको उद्देश्य

### क० सामान्य उद्देश्य-

१.स्थानीय तहको वित्तीय प्रणाली ब्यवस्थित, पारदर्शी, विधिसम्मत र प्रभावकारी बनाउने।

२. स्थानीय वित्त ब्यवस्थापनका सम्भावित जोखिमका क्षेत्रहरूको पहिचान गरी यसको लेखाजोखाको माध्यमबाट स्थानीय तहको वित्तीय सुशासनलाइ संस्थागत गर्ने।

### ख० विशिष्ट उद्देश्य-

१. रामेछापका आठ वटै स्थानीय तहका नगर प्रमुख उपप्रमुख गाउँपालिका अध्यक्ष र उपाध्यक्ष तथा प्रमुख प्रशासकीय अधिकृतलाई एक दिने अनुशिक्षण कार्यक्रम गरी सो कार्यविधको कार्यान्वयनको महत्व औचित्य र अवस्था र आगामी उपदायेता समेतका विषयमा जानकारी गराउने।

२.जिल्ला समन्वय समिति मार्फत सञ्चालन हुने यस तालिम पछि निर्वाचित जनप्रतिनिधि र कर्मचारीलाई मूल्याङ्कन उद्धेश्य र विधि बारेमा ज्ञान हासिल हुने।

३.वित्तीय सुशासन जोखिम मूल्याङ्कनका विभिन्न सुचकहरुको तह १. प्रक्रियाको जोखिम: कानुनी प्रक्रियाको उल्लङ्घनको जोखिम दर्शाउने सूचकहरु २. नतिजाको जोखिम: जनताको जीवनमा परिणाममुखी र सकारात्मक परिवर्तन नहुने गरी सार्वजनिक स्रोतको प्रयोग हुने जोखिमका सूचकहरु ३ वित्तीय अनुशासनको जोखिम: सार्वजनिक श्रोत साधन शक्ति र अधिकारलाई निजी फाइदाका लागि उपयोग हुने सम्भावनाको जोखिमका सूचकहरुका बारेमा छलफल भई जानकारी प्राप्त हुने।

४.जिल्ला समन्वय समितिले उपलब्ध गराएको समयावधि भित्रनै सम्पुर्ण स्थानीय तहले माथि उल्लेखित सूचकहरुमा आ-आफ्नो डकुमेन्ट प्रणाली प्रविष्ट गर्ने सिप हासिल हुनेछ।

## ३. कार्यक्रमको मिति, समय, स्थान र कार्यक्रम तालिका

कार्यक्रमको मिति:- २०७९।०९।१९

समय:- ८:०० बजे विहान देखि बेलुका ५: बजेसम्म

स्थान:- जिल्ला समन्वय समितिको कार्यालयको सभाहल

कार्यक्रम तालिका :-

| समय | कार्यक्रम / क्रियाकलाप | सहजीकरण |
|---|---|---|
| ८.००-८.३० | **चिया तथा खाजा** | |
| ८.३० - ९.०० | संक्षिप्त शुभारम्भ सत्र (अध्यक्षता र आसन ग्रहण/ राष्ट्रिय गान) | सभाध्यक्ष- समन्वय प्रमुख श्री चिना खड्का कार्की |
| | स्वागत तथा कार्यक्रमको उदेश्य | उपप्रमुख श्री प्रेमबहादुर थापा |
| ९.००-१०.३० | स्थानीय तह वित्तीय सुशासन जोखिम मुल्यांकन अवधारणा र कार्यविधिमा भएका व्यवस्था | प्रदेश सचिव श्री शिवराम गेलाल |
| १०.३०-१२.०० | स्थानीय तह वित्तीय सुशासन जोखिम मुल्यांकनका विषय क्षेत्र र सूचकहरु | कार्यकारी निर्देशक श्री विमल पोखरेल |
| १२.००-१२.३० | खाना | |
| १२.३० – २.०० | स्थानीय तह वित्तीय सुशासन जोखिम मुल्यांकनका कार्ययोजना सम्बन्धी छलफल र स्थानीय तहबाट प्रतिवद्धता | प्रदेश सचिव श्री शिवराम गेलाल |
| २.०० - ३.३० | स्थानीय तह संस्थागत क्षमता स्व-मुल्यांकन (LISA) कार्यविधिमा भएका व्यवस्था कार्यान्वयन र विगत वर्षको अवस्था वारे प्रस्तुति र छलफल | कार्यकारी निर्देशक श्री विमल पोखरेल |
| | *कार्यक्रम सम्वन्धमा मन्तव्य सहित समापन* | समन्वय प्रमुख श्री चिना खड्का कार्की |

## ४. कार्यक्रमका सहभागिहरु

रामेछापका स्थानीय तहको वित्तिय सुशासन जोखिम मूल्यांकन सम्बन्धी एक दिने अनुशिक्षण कार्यक्रममा जिल्ला स्थित स्थानीय तहका नगर प्रमुख, उपप्रमुख,अध्यक्ष, उपाध्यक्ष, जिल्ला समन्वय समितिका सदस्यहरु तथा स्थानीय तहका प्रमुख प्रशासकिय अधिकृतहरु सहभागिका रुपमा उपस्थिति जनाउनु भयो ।

## ५. शैक्षिक सामग्रीहरु

प्रोजेक्टर, ल्यापटप, पावर पोइन्ट स्लाइड, पेनसिल, स्पाइरल कपि, कलम, क्लियर ब्याग, कार्यतालिका, नोट(ह्याण्डसआउट) र फ्ल्यास कार्डहरु शैक्षिक सामग्रीका रुपमा प्रयोग गरिएको थियो।

## ६. अनुशिक्षण गतिविधिहरु

मिति २०७९/०९/१९ गते बिहान ठिक १० बजे जिल्ला समन्वय प्रमुख चिना खड्का कार्कीको अध्यक्षतामा कार्यक्रम शुभारम्भ भयो। कार्यक्रम संचालन जिल्ला समन्वय अधिकारी बिनीता भट्टराइई ज्युले गर्नु भएको थियो। उद्घाटन सत्रको समुद्घाटन समन्वय प्रमुखले ब्यानर वाचन गरी गर्नु भयो। प्रमुख जिल्ला अधिकारी शोभाखर रेग्मी कोष नियन्त्रक लोकनाथ सुवेदी र समन्वय उपप्रमुख प्रेम बहादुर थापा अतिथिका रुपमा उपस्थित हुनु भयो। समन्वय उपप्रमुख प्रेमबहादुर थापाज्यूले स्वागत मन्तब्य दिदै रामेछाप जिल्लाका सबै गाउँपालिका तथा नगरपालिकाहरूको वित्तीय सुशासन जोखिम मूल्याङ्कन गरी वित्तीय सुशासन अभिबृद्दी भै स्थानीय तहको वित्तीय प्रणाली ब्यवस्थित, पारदर्शी, विधिसम्मत र प्रभावकारी हुने विश्वास व्यक्त गर्नु भयो। त्यसैगरी, प्रमुख जिल्ला अधिकारीले स्थानीय तह वित्तिय सुशासन जोखिम मूल्याँकनको महत्व माथि प्रकाश पार्दै कार्यक्रमको सफलताको कामना गर्नुभयो। उदघाटन समारोहको समापन कार्यक्रमको अध्यक्ष ज्यूले गरी कार्यक्रमको सफलताको कामना गर्नुभयो।

उदघाटन सत्रको समापन सँगै अनुशिक्षण कार्यक्रमको शुभारम्भ भयो। बागमति प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयका सचिव शिवराम गेलालज्यूले "स्थानीय तह वित्तिय सुशासन जोखिम मूल्याँकन कार्यविधि" मा भएका व्यवस्था अवधारणा विषय क्षेत्र र सूचकहरु" विषयमा प्रस्तुति र सहभागि स्थानीय तहका पदाधिकारीहरुसँग छलफल र अन्तर्क्रिया गरी प्रश्नोतर सेशन समेत संचालन गर्नु भयो। उहाँ प्रदेश सुशासन केन्द्रबाट विज्ञका रुपमा खटिआउनु भएको थियो। त्यसैगरी प्रदेश सुशासन केन्द्रका कार्यकारी निर्देशक विमल पोखरेलले स्थानीय तह वित्तिय सुशासन जोखिम मूल्यांकन नतिजा प्रविष्टि सम्बन्धी विषयमा प्रस्तुति र सहभागि स्थानीय तहका पदाधिकारीहरुसँग छलफल र अन्तर्क्रिया गरी प्रश्नोतर सेशन समेत संचालन गर्नु भयो। त्यसपछि बागमति प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयका सचिव शिवराम गेलालज्यूले स्थानीय तह वित्तिय सुशासन जोखिम मूल्यांकन कार्ययोजना बारे छलफल गराइसके पश्चात प्रदेश सुशासन केन्द्रका कार्यकारी निर्देशक विमल पोखरेलले "स्थानीय तह संस्थागत स्वमूल्यांकन

कार्यविधिमा भएका व्यवस्था कार्यान्वयन र विगत वर्षको अवस्था र सिकाइ" बारे प्रस्तुति दिंदै छलफत तथा अन्तर्क्रिया सेसन संचालन गर्नुभयो । सहभागिहरुले खाजा, यातायात खर्च तथा भत्ता ग्रहण गरी बेलुका ५:00 बजे औपचारिक रुपमा कार्यक्रम समापन भयो ।

## ७. अनुशिक्षण कार्यक्रमका सकारात्मक पक्ष

गाउँपालिका तथा नगरपालिकाहरूको वित्तिय सुशासन जोखिम मूल्याङ्कन गरी वित्तीय सुशासन अभिवृद्धि गर्न स्थानीय तहको वित्तीय प्रणाली ब्यवस्थित, पारदर्शी, विधिसम्मत र प्रभावकारी बनाउन र स्थानीय वित्त ब्यवस्थापनका सम्भावित जोखिमका क्षेत्रहरूको पहिचान गरी यसको लेखाजोखाको माध्यमबाट स्थानीय तहको वित्तीय सुशासनलाइ संस्थागत गर्न " स्थानीय तह वित्तिय सुशासन जोखिम मूल्याँकन कार्यविधि,२०७७" कार्यान्वयनमा ल्याउनु पर्ने अवस्था रहेको विषय रामेछाप जिल्लाका सबै पदाधिकारी तथा प्रमुख प्रशासकीय अधिकृत समेतलाई जानकारी गराईनु र सबै पदाधिकारीले समयमै LISA र FRRAP को काम सम्पन्न गरी बढी अंक प्राप्त गर्ने तर्फ आवश्यक कार्य गर्ने प्रतिक्रिया जनाउनु यस कार्यक्रमको मुख्य उपलब्धी रहेको छ । साथै सबै पालिकाका पदाधिकारी र प्रमुख प्रशासकीय अधिकृत र जिल्लास्थित प्रमुख जिल्ला अधिकारी कोष नियन्त्रक समेतको भेट भलाकुसारी छलफल भै असल अभ्यास र समस्या समाधानका विभिन्न विषयमा छलफल समेत हुनु अर्को सकारात्मक पक्ष रहेको छ ।

## ८. अनुशिक्षण कार्यक्रमका सुधार गर्नु पर्ने पक्ष

अनुशिक्षण तथा तालिम ढिलो आयोजना हुन गएको र प्रदेश सुशासन केन्द्रले समयमै यस्तो कार्यक्रम आयोजना गर्न बजेट उपलब्ध गराउनु पर्ने र यथेष्ट बजेट व्यवस्था गरिनुपर्ने देखिन्छ ।

## ९. अनुशिक्षण कार्यक्रमको लागत अनुमान र खर्च विवरण

| क्र. स. | Particular | Days | Qty | Rate | Total | Remark |
|---|---|---|---|---|---|---|
| १ | एक दिने अनुशिक्षण | | | | | ८*३+७ = ३१ |
| १.१ | मसलन्द | १ | ३१ | ३०० | ९३०० | |
| | तालिम सामाग्री | १ | १ | २५०० | २५०० | |
| १.२ | खाना खाजा | १ | ४० | ६०० | २४००० | |
| १.३ | सहभागी भत्ता | १ | ३१ | १००० | ३१००० | |
| १.४ | श्रोत ब्यक्ति पारिश्रमिक | १ | ४ | ३४०० | १३६०० | |
| १.५ | संयोजक | १ | १ | ८०० | ८०० | |
| १.६ | सहयोगी | १ | २ | ४०० | ८०० | |
| १.७ | रिपोर्ट लेखन | १ | १ | १५०० | १५०० | |
| १.८ | कोभिड सुरक्षा | १ | १ | १००० | १००० | |
| १.९ | अन्य विविध | १ | १ | ३००० | ३००० | |
| | जम्मा | | | | ८७५०० | |




## १०. तालिम कार्यक्रमका केही फोटो प्रमाणहरु









